# नेपाल सरकार
# शान्ति तथा पुनर्निर्माण मन्त्रालय
# सिंह दरवार, काठमाडौ

***सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम प्रकाशित विवरण***

आ.व. २०७३/०७४(२०७३ साउन देखि २०७३ असोज सम्म- ३ महिना)

## १. निकायको स्वरूप र प्रकृति

नेपालमा शान्ति प्रयासहरुको व्यबस्थापन गर्ने सम्बन्धमा तत्कालीन सरकारले गरेका विभिन्न प्रयासहरुसंग शान्ति तथा पुनर्निर्माण मन्त्रालयको इतिहास गाँसिएको छ ।सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच २०५८ सालदेखि शुरु भएको शान्ति वार्ता प्रयासमा संस्थागत व्यबस्थाको अपरिहार्यतालाई मनन गरी दिगो शान्ति स्थापनार्थ सरकारलाई प्राविधिक, भौतिक तथा अन्य सहयोग उपलब्ध गराउने संस्थागत व्यबस्था गर्ने सम्बन्धमा सिफारिस पेश गर्न मन्त्रिपरिषद्ले २०५९।११।८ मा गठन गरेको कार्यदलले शान्ति समन्वय तथा व्यबस्थापन केन्द्र गठन गर्न सरकारलाई सिफारिस गरेको थियो । तत्पश्चात शान्ति वार्ता टोलीलाई कार्य सम्पादनको क्रममा आबश्यक समन्वय र सहयोग उपलब्ध गराउन तत्कालीन प्रधानमन्त्रीको कार्यालय अन्तरगत रहने गरी ६ बुँदे कार्यक्षेत्र र जिम्मेवारी सहित मिति २०६०।२।२९ मा शान्ति वार्ता समन्वय सचिवालयको व्यबस्था गरेको थियो । तीन चरणका शान्ति वार्ताहरुमा त्यस सचिवालयले सहयोग गरेको थियो र ती वार्ताहरु बिफल भएपछि सरकारले शान्ति प्रक्रियालाई पुनः अघि बढाउन र साझा राजनीतिक अवधारणा तयार गर्ने उद्देश्यले सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा मिति २०६१।४।२८ मा एक उच्चस्तरीय शान्ति समिति गठन गरी मिति २०६१।५।१५ मा सो समितिको काम, कर्तब्य र अधिकार तोकी सो समितिलाई सहयोग गर्न मन्त्रिपरिषद्को मिति २०६१।५।२९ को बैठकले सरकारको मुख्य सचिवको नेतृत्वमा एक उच्चस्तरीय शान्ति समितिको सचिवालयको स्थापना गरेको थियो । सरकार र माओवादी पक्षबीच भएका विभिन्न चरणका वार्ताहरु बिफल भएपछि मन्त्रिपरिषद्को मिति २०६१।१२।३ को निर्णयअनुसार साबिकको उच्चस्तरीय शान्ति समिति र अन्तरगतका उप-समितिहरुको बिघटन भयो । तर सो अन्तरगत रहेको उच्चस्तरीय शान्ति समितिको सचिवालयलाई कायमै राखिएकोमा मन्त्रिपरिषद्को २०६२।७।३ को निर्णयअनुसार सचिवालयको नाम शान्ति सचिवालय तोकियो | नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६३।१२।१८ को निर्णयबाट शान्ति सचिवालयलाई खारेज गरी साविक शान्ति सचिवालयले सम्पादन गर्दै आएको सम्पूर्ण कामहरुको अतिरिक्त द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण , द्वन्द्व पीडित व्यक्तिहरुको राहत र पुनःस्थापन, सत्य निरुपण तथा मेलमिलाप आयोग, उच्चस्तरीय अनुगमन समिति , बिद्रोही पक्षको लडाकुहरुको शिविर व्यवस्थापन आदि थप काम , कर्तव्य र अधिकार समेत तोकी यस शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थापना भएको छ |

## २. निकायको काम कर्तब्य र अधिकार

**मिति २०६९/२/५** गते नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ अनुसार शान्ति तथा पुनर्निर्माण मन्त्रालयले देहायका विषयहरुमा काम गर्ने गरी क्षेत्राधिकार निर्धारण गरिएको छ :

- शान्ति स्थापना , द्वन्द्व व्यवस्थापन तथा विकास र द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाको पुननिर्माणका लागि तत्कालिन र दीर्घकालीन नीति , रणनीति , योजना तथा कार्यक्रमको तर्जुमा , कार्यान्वयन , अनुगमन र मुल्यांकन ।
- द्वन्द्वपीडितको सामाजिक तथा आर्थिक बिकासको नीति, रणनीति र कार्यक्रम ।
- विस्तृत शान्ति सम्झौता लगायतका अन्य सम्झौता , सहमति र निर्णयको कार्यान्वयन , अनुगमन तथा मूल्यांकन ।
- दिगो शान्ति कायम गर्न आवश्यक संस्थागत ,प्रक्रियागत तथा प्राविधिक विषय, शान्ति स्थापना तथा द्वन्द्व व्यवस्थापन सम्बन्धी अध्ययन , विश्लेषण तथा अनुभवको आदान-प्रदान ।
- द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको राहत, आर्थिक सहायता तथा पुनस्स्थापन ।
- द्वन्द्व-संवेदनशील प्रणालीवारे अध्ययन तथा अनुसन्धान ।
- शान्ति स्थापना तथा द्वन्द्वको व्यवस्थापन सम्बन्धी सूचना ,अध्ययन सामग्री र अध्ययन प्रतिबेदनको अभिलेख केन्द्र तथा शान्ति र द्वन्द्व व्यवस्थापनको प्राविधिक स्रोतकेन्द्र सम्बन्धी ।
- शान्ति प्रक्रिया र द्वन्द्वको संक्रमणकालीन व्यवस्थापन ।
- द्वन्द्वका कारणबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण तथा पुनःस्थापनाको योजना तर्जुमा, कार्यान्वयन तथा क्षेत्रगत निकायसंगको समन्वय,
- शान्ति कोषबाट संचालित योजना तथा कार्यक्रमको संचालन र अनुगमन .
- शान्ति स्थापना र द्वन्द्व व्यवस्थापनसँग सम्बन्धित सरकारी , गैरसरकारी तथा अन्तराष्ट्रिय संघ-संस्थाको सम्पर्क ।
- सत्य निरुपण तथा मेलमिलाप आयोग ।
- बेपत्ता सम्बन्धी छानविन आयोग ।

- शान्ति तथा पुनस्स्थापना सम्बन्धी परामर्श समिति ।
- शान्ति प्रक्रिया सम्बन्धी उच्चस्तरीय अनुगमन समिति ।
- स्थानीय शान्ति समिति ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

मन्त्रालयलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्दछ | हाल मन्त्रालयमा ८७ जना कर्मचारीहरु छन |

स्वीकृत कर्मचारी दरवन्दी संख्या ९३ जना

स्थायी कर्मचारी संख्या ६७ जना

करार सेवाका कर्मचारी २६ जना

जम्मा कर्मचारी संख्या ९३.जना

मन्त्रालयको संगठानिक चार्ट अनुसूची १ मा संलग्न छ |

कार्य विवरण अनुसार, यस मन्त्रालयमा निम्न बमोजिमका महाशाखा र शाखाहरु रहेका छन |

### प्रशासन योजना तथा वैदेशिक समन्यव महाशाखा :

- मन्त्रालयको प्रशासनिक, सांगठनिक तथा आर्थिक प्रशासन सम्बन्धी संपूर्ण कार्यहरु गर्ने,
- द्वन्द्व संवेदनशील योजना र द्वन्द्व संवेदनशील बजेट तर्जुमा गर्न राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य केन्द्रीय निकायहरुसँग समन्वय गर्ने,
- शान्ति निर्माण तथा द्वन्द्व व्यवस्थापन सम्बन्धमा विभिन्न मन्त्रालय एवं निकायहरुका शान्ति सम्पर्क व्यक्ति/विन्दु (Peace Focal Persons\Points) सँग समन्वय गर्ने र उनिहरुको क्षमता विकास सम्बन्धी कार्य गर्ने,
- मन्त्रालयको सम्पर्क बिन्दु तथा प्रवक्ताको रुपमा कार्य गर्ने,
- मन्त्रालयबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको आवधिक समीक्षा र नियमित अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्य गर्ने,
- शान्ति संयन्त्रहरुको सञ्चालनमा जनशक्ति एवं अन्य स्रोत साधनको व्यवस्थापन गर्ने,
- मन्त्रालय र अन्तर्गत निकायको लागि वार्षिक कार्यक्रम र बजेटको तर्जुमा एवं कार्यक्रम कार्यान्वयनको लागि स्वीकृत बजेटको निकासा, बाँडफाँड तथा परिचालन गर्ने,
- मन्त्रालयको क्षमता विकास तथा शान्ति प्रक्रियाको सुदृढीकरणका सन्दर्भमा प्राप्त हुने द्विपक्षीय एवं बहुपक्षीय सहयोगको परिचालन गर्ने,
- अन्य महाशाखाहरुमा किटानी व्यवस्था भएको बाहेकका अन्य कार्यहरु गर्ने गराउने ।

### कानुन तथा संचार महाशाखा

- प्रचलित कानून, सम्झौता तथा सहमतिले तय गरे बमोजिमका शान्ति संयन्त्रहरुको लागि आवश्यक कानून मस्यौदा गर्ने,
- मानव अधिकारको संरक्षण एवं प्रवर्द्धन सम्बन्धी आवश्यक कार्यहरु गर्ने,
- विभिन्न मानव अधिकार संघ संगठनहरुबाट प्राप्त सुझाव, सिफारिस एवं प्रतिवेदनहरुको कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने,
- शान्ति संयन्त्रहरुबाट प्राप्त हुने सुझावहरु र नेपाल स्थित संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालय तथा राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त सुझाव, सिफारिश र प्रतिवेदन कार्यान्वयन गर्ने गराउने,
- नेपाल पक्ष भएको शान्ति र द्वन्द्व व्यवस्थापनसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको कार्यान्वयन सम्बन्धमा सम्पर्क विन्दुको रुपमा कार्य गर्ने,
- शान्ति प्रक्रिया र वार्ताका सम्बन्धमा सरकार, नागरिक समाज, आम सञ्चारकर्मी तथा सञ्चार माध्यमबीच सूचना आदान प्रदान गर्ने,
- मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने विषयमा कानूनी राय दिने,
- मन्त्रालयको Web Site अध्यावधिक गर्ने,
- मन्त्रालयको सूचना प्रविधि व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

### शान्ति संयन्त्र समन्वय महाशाखा

- शान्ति प्रक्रियालाई दीगो र स्थायी बनाउन गठन गरिने विभिन्न आयोग, समिति बीच समन्वय गर्ने ।
- गठन गरिएका आयोग एवं समितिहरुको लागि आबश्यक साधन स्रोत एवं जनशक्ति व्यवस्थापन गर्ने,
- दिगो शान्ति कायम गर्न आवश्यक संस्थागत, प्रक्रियागत एवं प्राविधिक कार्यहरु गर्ने,
- शान्ति संयन्त्रहरुबाट प्राप्त सम्बन्धित राय सुझाव कार्यान्वयन गर्ने,
- मातहतका शाखाहरुको तोकिए बमोजिमको प्रशासनिक कार्यहरु गर्ने,

### राहत तथा पुनस्थापना महाशाखा

- द्वन्द्वबाट पीडित, विस्थापित तथा द्वन्द्वबाट प्रत्यक्ष रुपमा प्रभावित भएकाहरुको पुनःस्थापन सम्बन्धी नीति, रणनीति तथा कार्यक्रम तयार गर्ने र कार्यान्वयन गर्ने, गराउने ।
- द्वन्द्वपीडित तथा द्वन्द्व प्रभावित व्यक्ति-परिवारको आवश्यकताको पहिचान र सो सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने, गराउने,

- द्वन्द्वपीडितहरुको क्षमता विकासको लागि सीप विकास सम्बन्धि तालिम र आय-आर्जनका विविध कार्यक्रमहरुको तर्जूमा गरी कार्यान्वयनको कार्ययोजना तयार गर्ने गराउने ।
- द्वन्द्वपीडित व्यक्तिहरुको पुन:स्थापन तथा पुनर्सामाजिकीकरणका लागि दीर्घकालीन नीति तयार गर्ने । सो को आधारमा राहत तथा आर्थिक सहायता सम्बन्धी मापदण्ड, निर्देशिका र कार्यविधि तयार गर्ने,
- जनआन्दोलनका पीडितहरु, बारुदी सुरुङको विष्फोट एवं विस्तृत शान्ति सम्झौता पश्चात घटित घटनाबाट पीडितहरुलाई आर्थिक सहायता उपलब्ध गराउने विषयहरु,
- जनआन्दोलन र द्वन्द्वका मृतक एवं घाइतेका आश्रितहरुलाई मासिक वृत्ति, आर्थिक सहायता र बालबालिकालाई छात्रवृत्ति एवं अपहरणमा परेका व्यक्तिलाई आर्थिक सहायता सम्बन्धी विषय,
- पीडितहरुलाई कानूनी सहायता, घाइते एवं अपांगहरुको उपचार उनिहरुको सुरक्षार्थ आवश्यक समन्वय, मार्गदर्शन र सहयोग सम्बन्धी कार्यक्रम र कार्ययोजना,
- विस्तृत शान्ति सम्झौता लगायत अन्य सम्झौता, सहमतिहरुको महाशाखा सम्बन्धी विषयको कार्यान्वयन गर्ने, गराउने ।
- मातहत शाखाका कर्मचारीहरुको तोकिए बमोजिमका प्रशासनिक कार्यहरु गर्ने ।

## द्वन्द ब्यबस्थापन महाशाखा

- द्वन्द्व व्यवस्थापनसम्बन्धी अध्ययन, विश्लेषण गर्ने तथा द्वन्द्व व्यवस्थापन नीति तयार गर्ने र सो नीति अन्तर्गत रही मन्त्रालयहरुको लागि द्वन्द्व व्यवस्थापनसम्बन्धी क्षेत्रगत राष्ट्रिय नीति तयार गर्न सहयोग गर्ने र नीति कार्यान्वयनको अनुगमन गर्ने,
- द्वन्द्वरत पक्षहरुसंग शान्ति वार्ता सञ्चालनमा वार्ताटोली वा वार्ताकारलाई सहयोग तथा समन्वय गर्ने,
- शान्ति वार्ता प्रकृया र वार्ता कार्यको अभिलेख राख्ने,
- मुलुकमा दिगो शान्ति कायम गर्न आवश्यक संस्थागत एवं प्रक्रियागत संयन्त्रहरुको पहिचान, गठन एवं परिचालन सम्बन्धी कार्य गर्ने,
- मुलुकमा विद्यमान द्वन्द्वका कारणहरुको पहिचान गरी ती कारणहरुको न्यूनिकरणका लागि आवश्यक नीति तर्जुमा गर्ने,
- द्वन्द्व व्यवस्थापन तथा शन्ति प्रकृयाका बिभिन्न बिषयहरुमा नागरिक समाज तथा उक्त क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुको परिचालन तथा समन्वय सम्बन्धी कार्य गर्ने,
- शान्ति प्रकृया र द्वन्द्वको संक्रमणकालिन व्यवस्थापन
- शान्ति प्रकृया तथा द्वन्द्व व्यवस्थापनसंग सम्बन्धित सरकारी तथा गैरसरकारी अन्तर्राष्ट्रिय संघ सस्थासंग सम्पर्क गर्ने,
- बारुदी सुरुङ व्यवस्थापन सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु बारे सम्पर्क, समन्वय तथा तत्सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने ।
- बारुदी सुरुङ व्यवस्थापनको कार्यमा संलग्न विभिन्न सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँग समन्वय गर्ने ।

## पुर्वाधार पुनर्निर्माण महाशाखा

- द्वन्द्वका क्रममा क्षति भएका भौतिक एवं सामाजिक पूर्वाधार पुनर्निर्माण सम्बन्धि तत्कालिन तथा दीर्घकालि नीति, रणनीति एवं कार्यविधि तयार गर्ने गराउने ।
- पुनर्निर्माण सम्बन्धी तथ्यांक विश्लेषण गरी अध्यावधिक गर्ने, क्षतिग्रस्त भौतिक संरचनाहरुको वर्गीकरण पुनर्निर्माणको लागि प्राथमिकीकरण गर्ने ।
- भौतिक एवं सामाजिक पूर्वाधारहरुको पुनर्निर्माणका लागि बार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृत गराउने ।
- कार्यक्रमहरुको अनुगमन गरी मूल्यांकन गर्ने गराउने ।
- कार्यक्रम संचालनमा देखापरेका समस्याहरु समाधान गर्ने गराउने ।
- भौतिक एवं सामाजिक पूर्वाधार पुनर्निर्माण सम्बन्धी कार्यक्रमहरुको अन्तर मन्त्रालयगत समन्वय गर्ने ।
- मातहत शाखाहरुको तोकिए वमोजिमका प्रशासनिक कार्यहरु गर्ने ।

## ४. निकायबाट प्रदान गरिने सेवा

- श्रृजनशील द्वन्द्व व्यवस्थापनमा सहयोग पुर्या उनु ।
- दिगो शान्तिको लागि छलफल, गोष्ठी तथा अर्न्तक्रिया र तालिम संचालन गर्नु ।
- शान्ति प्रक्रियामा देशका सम्बद्ध सबै पक्षको समर्थन र सहभागिता जुटाउन सहयोग पुर्या्उनु ।
- शान्तिको पक्षमा अन्तराष्ट्रिय सहयोग र समर्थन जुटाउनु ।
- शान्ति बहाली गर्न सरकारले गरेका निर्णयहरुको कार्यान्वयनमा सहयोग पुर्यारउनु ।
- द्वन्द्व व्यवस्थापन, राहत, पुनर्स्थापन र पुनर्निर्माणको कार्ययोजना निर्माण र कार्यान्वयनमा भूमिका खेल्नु ।
- शान्ति र सहमतिको वातावरण सिर्जना गर्न अवलम्बन गर्नु पर्ने नीति तथा रणनीतिहरु बारे अध्ययन गरी राय सुझाव पेश गर्नु

## ५. सेवा प्रदान गर्ने निकायको महाशाखा/शाखा र जिम्मेवार अधिकारी

a. **प्रशासन योजना तथा वैदेशिक समन्वय महाशाखा**
- महाशाखा प्रमुख   सह सचिव श्री शंकर प्रसाद खरेल
- प्रशासन शाखा प्रमुख उप सचिव श्री प्रकाश आचार्य
- योजना तथा कार्यक्रम शाखा प्रमुख   उप सचिव श्री देवराज जोशी
- वैदेशिक सहयोग समन्वय शाखा प्रमुख उप सचिव श्री ...............
- आर्थिक प्रशासन शाखा प्रमुख उप सचिव रमेश घिमिरे
- अनुगमन तथा मुल्यांकन शाखा प्रमुख उप सचिव श्री देवराज जोशी

b. **राहत तथा पुनस्थापन महाशाखा**
- महाशाखा प्रमुख सह सचिव
- राहत तथा तथ्यांक शाखा प्रमुख उप सचिव विश्वराज न्यौपाने.
- पुनस्थापन शाखा प्रमुख उप सचिव विश्वराज न्यौपाने

c. **कानुन तथा संचार महाशाखा**
- महाशाखा प्रमुख सह सचिव (कानुन) ऋषि राजभण्डारी
- कानुन तथा मानव अधिकार शाखा प्रमुख उप सचिव चन्द्रकान्त पौडेल
- सूचना संचार तथा जनसम्पर्क शाखा प्रमुख  उप सचिव देव बहादुर अधिकारी

d. **शान्ति संयन्त्र समन्वय महाशाखा**
- महाशाखा प्रमुख सह सचिव
- स्थानिय शान्ति समिति समन्वय शाखा उप सचिव दुर्गा भुर्तेल
- आयोग समिति समन्वय शाखा उपसचिव ......................

e. **द्वन्द्व व्यवस्थापन महाशाखा**
- महाशाखा प्रमुख सह सचिव हरी राज पन्त
- द्वन्द विश्लेषण तथा नीति निर्माण शाखा प्रमुख उप सचिव जानुका सुवेदी वाग्ले
- शान्ति प्रक्रिया समन्वय तथा अनुगमन शाखा प्रमुख उप सचिव जानुका सुवेदी वाग्ले
- बारुदी सुरुंग व्यवस्थापन शाखा प्रमुख उप सचिव जानुका सुवेदी वाग्ले

f. **पूर्वाधार पुनर्निर्माण महाशाखा**
- महाशाखा प्रमुख सह सचिव(प्रा):  महाशाखा प्रमुख सह सचिव पद रिक्त रेहको र अर्को व्यवस्था नभए सम्मको लागि सह सचिव हरीराज पन्त तोकिनु भएको
  - भौतिक पूर्वाधार पुननिर्माण शाखा प्रमुख सि.डि.ई .....................
  - सामाजिक पूर्वाधार पुननिर्माण शाखा रिक्त रहेको

g. **द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना**
- का.मु. परियोजना समन्वयकर्ता ध्रुव प्रसाद पौडेल

h. **राहत तथा पुनस्थापन इकाई**
- निमित्त विभागीय प्रमुख हरिकृष्ण ज्ञवाली

i. **नेपाल शान्ति कोष सचिवालय**
- कार्यकारी निर्देशक संजय खनाल

j. **सत्य निरुपण तथा मेलमिलाप आयोग को सचिवालय**
- सचिव मणिराम ओझा

k. **वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको सचिवालय**
- सचिव महेश शर्मा पौडेल

## ६. उजुरी, निवेदन उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

हेलो सरकार सम्पर्क व्यक्ति / सूचना अधिकारी श्री देवबहादुर अधिकारी
हेलो सरकार सम्पर्क सहायक व्यक्ति /सहायक सूचना अधिकारी श्री तेज बहादुर शाही

**७. शान्ति कोष सचिवालय तर्फ**

शान्ति कोषको पहिलो (सन् २००७ देखि २०१०) र दोस्रो चरण (सन्२०१० देखि २०१४) अन्तर्गत कुल ६५ आयोजनाहरु सञ्चालन गरिएकोमा ६२ वटा आयोजनाहरु सम्पन्न भइसकेका छन् । जस मध्ये १६ वटा आयोजनाहरु आ.ब. २०७२।७३ मा सम्पन्न भएका थिए भने ३ वटा आयोजनाहरु चालु अवस्थामा रहेका थिए । यसै गरी कोषको तेस्रो चरण (सन् २०१४ देखि

२०१७ सम्म) अन्तर्गत आ.ब. २०७२।७३ मा करिब १ अर्ब २८ करोड रकम बराबरका निम्नानुसारका ९ वटा आयोजनाहरु स्वीकृत भएका थिए । आ.ब. २०७२।७३ मा संचालन भएका अन्य मूख्य क्रियाकलापहरु निम्नानुसार रहेका छन्:

- शान्तिकोष (संचालन) नियमावली, २०६५ को दोश्रो संशोधन शान्तिकोष (संचालन) नियमावली, २०७२ नेपाल सरकार (मन्त्रिपरिषद् बाट स्वीकृत भई कार्यान्वयन भएको ।
- शान्ति कोषको २ वटा चौमासिक प्रतिवेदन (२५ औं र २६ औं (आ.ब. २०७२।७३को पहिलो तथा दोश्रो तथा बार्षिक प्रतिवेदन (आ.ब. २०७१।७२ को तयार पारी दातृ समूहलाई बुझाइएको ।
- शान्ति प्रकृयाका आठ बर्ष (२०६३-२०७१) (२०७२ असोज) र Progress in Peace building (September 2015), पुस्तिका तथा ५ संस्करण Newsletter प्रकाशन भएको ।
- संयुक्त अनुगमन (शान्ति कोष सचिवालय र दातृ निकायको संयुक्त अनुगमन) कार्यक्रम दुइ पटक - मिति २०७२ मंसिर १५-१७ गते (काठमाडौं र भक्तपुर) मा र २०७२ फाल्गुण ४ र ५ गते (काभ्रे मा संचालन भएको ।
- ८ वटा राष्ट्यि मिडियाका पत्रकारहरु सहित शान्ति कोषका उपलब्धीहरु अध्ययन गराउने उद्देश्यले जुन ११ देखि १५ २०१६ मा बाँके, दाङ्ग, रोल्पा जिल्लाका आयोजनाहरुको स्थलगत भ्रमण कार्यक्रम संचालन भएको । यस कार्यक्रम अन्तर्गन नै जुन १५ मा द्वन्द्व संवेदशील पत्रकारिता विषयको कार्यशाला नेपालगंजमा सम्पन्न भएको ।
- शान्ति कोषको कार्ययोजनाको समिक्षा तथा नयाँ कार्ययोजना तर्जुमाको लागि Retreat कार्यक्रम एक पटक (२०७२ पुष २५-२७) पोखरामा संचालन भएको ।

## ८. मन्त्रालयको नियमित कार्यक्रम तर्फ

१. वर्तमान परिवेशमा शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको संगठन संरचना परिमार्जन गर्न मन्त्रालयको संगठन तथा व्यवस्थापन (O&M) अध्ययनको प्रारम्भिक प्रतिवेदन तयार गरीएको ।

२. शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको जनशक्ति विकास नीति तर्जुमा गरीएको ।

३. स्थानिय शान्ति समितिको क्षमता अभिवृद्दि गर्ने अभिप्रायले संवाद मेलमिलाप तथा दन्द व्यवस्थापन बिषयक छ (६) दिने तालीम संचालन भै ९० जना स्थानिय शान्ति समितिका पदाधिकारीहरु लाभान्वित भएको ।

४. यस मन्त्रालयको नियमित कार्यक्रमवाट शान्ति संवेदनशिल विकास कार्यक्रम सम्वन्धि अनुशिक्षण कार्यक्रम रसुवा जिल्लामा सम्पन्न गरी स्थानिय शान्ति समितिका पदाधिकारी र रसुवाका कर्मचारी गरी करिव ६० जना लावान्वित भएका ।

५. विष्फोटका पदार्थवाट पीडितहरुको तथ्यांक संकलन कार्य शुरु भएको ।

६. मनोसामाजिक परामर्श सेवा तथा सहयोग परियोजना संचालनको लागि सेवा प्रदायक संस्था छनौट कार्य अन्तिम चरणमा पुगेको ।

७. मनोसामाजिक परामर्श सेवा तथा सहयोग परियोजना र यसका आधारभूत पक्ष वारे मन्त्रालयका अधिकृतहरुको लागि १ दिने अभिमुखिकरण कार्य सम्पन्न भएको ।

८. सुचनाको हक सम्वन्धी ऐन २०६४ बमोजिम हालसम्म १९ जना सूचना मागकर्तालाई सूचना उपलव्ध गराइएको |

९. Website अधावाधिक गरि सूचना मैत्री बनाएको |

१०. सूचनाको हक र नेपालमा सूचनाको हकको कार्यान्वयन अवस्था सम्वन्धि मन्त्रालयका अधिकृतहरुको लागि १ दिने अभिमुखिकरण कार्य सम्पन्न भएको ।

११. अनुगमन कार्यलाई प्राथमिकताको आधारमा निरन्तरता दिईएको ।

१२. हेलो सरकारको उजुरी गुनासो फछर्यौट शत प्रतिशत भएको ।

१३. मन्त्रालयको प्रवक्ता, सूचना अधिकारी र सहायक सूचना अधिकारी समेत तोकिएको । साथै मन्त्रालय मातहतका निकायमा समेत सूचना अधिकारीको व्यवस्था गरिएको |

१४. विस्तृत शान्ति सम्झौता लगायत हालसम्मका संझौता सहमतिहरुलाई एकीकृत गरी उक्त सहमति/सम्झौताहरुको क्यात ऋयउथ र ज्बचम ऋयउथ तयार गरी उचित रुपमा भण्डारण गरिएको ।

१५. स्थानीय स्तरमा शान्ति प्रवर्धन गर्ने उद्देश्यले ७४ जिल्लाका स्थानीय स्तरका एफ.एम. हरुबाट शान्ति प्रवर्धन सम्बन्धी गतिविधिहरु प्रशारण गरिएको ।

१६. बार्षिक प्रगति प्रतिवेदन, दोस्रो चौमासिक प्रगति प्रतिवेदन र शान्ति (वर्ष ७, अङ्क ७) पत्रिका प्रकाशन गरिएको ।

१७. द्वन्द्व पीडितहरुका लागि मनोसामाजिक परामर्श सेवा कार्यक्रम १० वटा जिल्ला झापा, मोरङ्ग, चितवन, मकवानपुर, कास्की, गोरखा, रुकुम, रोल्पा, कैलाली र कञ्चनपुरमा सचांलन भै रहेको छ । सेवा प्रदायक संस्थासँग सम्झौत भई संस्थाले सर्म्पक कार्यालय स्थापना गरी कार्य प्रारम्भ गरेको ।

१८. स्थानियस्तरमा दन्दव्यवस्थापन तथा रुपान्तरण समवन्धि अनुशिक्षण कार्यक्रम धनकुटा,इलाम,उदयपुर, दाङ, सुर्खेत, डडेल्धुरा र पोखरामा सम्पन्न गरी-करीव ४०० जना लाभान्वित भएका।

१९. शान्ति संवेदनशिल विकास समबन्धि अनुशिक्षण कार्यक्रम धनकुटा,इलाम,उदयपुर, दाङ, सुर्खेत, डडेल्धुरा र पोखरामा सम्पन्न गरी करीव ४०० जना लाभान्वित भएका।

२०. शान्ति संवेदनशिल विकासको अवधारणालाई वार्षिक योजनामा मुल प्रवाहीकरण सम्वन्धि कार्यक्रम ४५ केन्द्रीय निकायका peace focal person लाई प्रदान गरीएको ।

२१. दन्द रुपान्तरण समवन्धि अनुशिक्षण मन्त्रालयका करिव ३५ जना कर्मचारीलाई दिईएको।

२२. नेपालको नयाँ संविधानका प्रमुख प्रावधान समेटेर Browser, booklet तयार गरी वितरण गरीएको ।

२३. अन्तराष्टिय शान्ति दिवस " ७५ वटै जिल्लामा विभिन्न कार्यक्रम गरी सेप्टेम्वर २१, २०१५ मा भव्य रुपमा मनाईएको । शान्ति दिवसको अवसरमा मा.मन्त्रि श्री नरहरि आचार्यले काठमाडौमा जलपान कार्यक्रम आयोजना गर्नुभयो ।

२४. संक्रमणकालीन न्याय व्यवस्थामा सत्य निरुपण तथा मेलमिलाप आयोग,वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको भूमिका तथा कार्य, हालसम्मको प्रगति, भविश्यमा गर्नुपर्ने कार्य तथा चुनौती विषयक अन्तरकृया कार्यक्रम २०७२ आश्विनमा सम्पन्न । उक्त अन्तरक्रियामा उक्त दुवै आयोगका अध्यक्ष,सदस्य तथा सचिव ज्युहरुको सहभागिता रहेको थियो ।

२५. शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पदस्थापन भएका कर्मचारीहरुको लागि induction कार्यक्रम २०७२ श्रावणमा सम्पन्न भएको ।

२६. Asia Pacific Peace Research Association संगको सहकार्यमा २०७२ असार २१ मा शान्ति सम्वन्धी APPRA Conference (शान्ति सम्वन्धी अन्तराष्ट्रिय सम्मेलन सम्पन्न भएको )

२७. महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय , केन्द्रिय बाल कल्याण समिति र शान्ति कोष सचिवालयवीच मिति २०७२/७/२४ मा Project for the Rehabilitation and Reintegration of Children Affected by Armed Conflict (CAAC) सम्वन्धि नयाँ आयोजनाको संझौता सम्पन्न गरीएको।

२८. संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० को स्थानीयकरणको सिलसिलामा ५९ जिल्लामा अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको र अनुगमन कार्य समेत सम्पन्न भएको । साथै संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्वन्धी राष्ट्रिय कार्ययोजनाको पहिलो चरण सम्पन्न भएको र दोस्रो चरणको तयारी भइरहेको।

२९. आर्थिक वर्ष ०७१/०७२ सम्म कूल कायम भएको बेरुजु रु.२७,४२,२३,०००। मध्ये रु.४९,८५,३०,०९९। फछ्यौट भएको र रु.५०,००,०००। सम्परीक्षणको लागि पेश भएको ।

३०. Conflict Transformation and Peace building through Constitution Making Project (CTPBTCM) मार्फत निम्न कार्यहरु गरिएको ।

- नयाँ संविधानको मस्यौदका विषयमा परामर्श एवं पृष्ठपोषण प्राप्त गर्न केन्द्रिय तहमा उच्च स्तरिय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको । उक्त कार्यक्रममा राष्ट्रियस्तरका ७० जना विज्ञहरुको सहभागिता रहेको र विज्ञहरुबाट प्राप्त राय सुझाव सहितको प्रतिवेदन संविधान सभामा पेश गरिएको ।
- नयां संविधानले समेटेका विषयवस्तुहरु र विशेषताहरुकाको वारेमा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्न ७५ जिल्लाका स्थानीय शान्ति समितिमा रु ३ लाखका दरले बजेट पठाईएकोमा ५९ जिल्लाका १९० भन्दा बढी स्थानमा १५ हजार भन्दा बढी सहभागिले भाग लिएका ।
- रेडियो नेपालबाट दिगो शान्ति र द्वन्द्व रुपान्तरणका विषयहरु समेटी १७ भाग (हप्ता) जानकारीमूलक कार्यक्रम सञ्चालन गरिएको ।

- नेपालको संविधान २०७२ मा रहेका महत्वपूर्ण विषयहरुको वारेमा नेपाल टेलिभिजन मार्फत ७ भाग कार्यक्रम सञ्चालन गरिएको ।
- शान्ति संवेदनशिल विकास (Peace Sensitive Development) र द्वन्द्व रुपान्तरण सम्वन्धी कार्यक्रम ५१ जिल्लाका ८ वटा कल्स्टर (इलाम, धनकुटा, उदयपुर, रुपन्देही, दाङ, सुर्खेत, धनगढी र पो खरा) मा स्थानीय शान्ति समितिका पदाधिकारी, नागरिक समाजका प्रतिनिधि, जिल्ला स्थित जिल्लाका समपूर्ण सरकारी कार्यलयका अधिकृत स्तरका प्रतिनिधि कर्मचारीहरुलाई कार्यक्रम सञ्चालन गरी शान्ति संवेदनशिल विकास अवधारणमा राय सुझव संकलन गरिएको जसमा विभिन्न क्षेत्रका ११०० भन्दा बढीका सहभागिता रहेको ।
- दिगो विकास र समृद्धि विषयमा र द्वन्द्व रुपान्तरण विषयमा डकुमेन्ट्री निर्माण गरिएको ।
- संविधानको मस्यौदाको मुख्य मुख्य विषयलाई समेटी ३००० भन्दा बढी बुकलेट, ब्रोसर तयार गरि वितरण गरिएको ।
- मन्त्रालयका कर्मचारीहरुलाई दिगो विकास, द्वन्द्व रुपान्तरण र शान्ति संवेदनशिल विकासका सूचक वारेमा कार्यक्रम सञ्चालन गरिएको ।
- नेपालको संविधान,२०७२ को १६००० प्रति बुकलेट, ब्रोसर तयार गरि वितरण गरिएको ।
- शान्ति संवेदनशिल विकासको अवधारणलाई सम्वन्धित निकायको बार्षिक योजनामा मूलप्रवाहीकरण गर्न ४५ केन्द्रिय निकायसँग सम्पर्क विन्दु तोकिएको र peace focal person हरुलाई यस सम्वन्धी अनुशिक्षण कार्यक्रम सञ्चालन गरिएको ।
- यस कार्यक्रमको लागि कुल जम्मा रु ९,४९,९८,९००।- रकम शान्ति कोष मार्फत प्राप्त भएकोमा रु ४,०३,१४,६२२।- मात्र खर्च भएको ।

## ८.आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अधावाधिक विवरण

### आ.व. २०७२/७३ मा सन्चालित आयोजनाको विनियोजित बजेट र खर्च विवरण

| क.स. | आयोजना र कार्यक्रमको नाम | वार्षिक वजेट | | | तेस्रो चौमासिक वजेट | तेस्रो चौमासिक को खर्च | तेस्रो चौमासिक प्रगति स्थिति (%) | | वर्षिक खर्च | वार्षिक प्रगति स्थिति (%) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | शान्ति तथा पुनर्निर्माण मन्त्रालय (P1)_ | चालु | पुंजिगत | जम्मा | जम्मा | जम्मा | भौतिक | वित्तीय | जम्मा | भौतिक | वित्तीय | |
| क) | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ६५,२२० | २,४५० | ६७,६७० | २६,१८९ | २५,०५८ | ९८ | ९६ | ४८,२६२ | ८२ | ७२ | |
| ख) | सत्य निरुपण तथा मेलमिलाप आयोग | ८८,२३३ | १६,९०० | १०५,१३३ | ४०,६४२ | ३१,०१९ | ८६ | ७७ | ६१,६५५ | ८९ | ५९ | |
| ग) | वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग | ५५,०३५ | ९,९७७ | ६५,०१२ | २६,२७४ | २१,७१७ | ८२ | ८३ | ४०,०६७ | ८० | ६२ | |
| कुल जम्मा (वजेट उप शीर्षक नं ३४९०११) | | २०८,४८८ | २९,३२७ | २३७,८१५ | ९३,१०५ | ७७,७९४ | | | १४९,९८४ | | | |
| २ | पुनर्निर्माण तथा पुनस्थापन (P1) | | | | | | | | | | | |
| (क) | राहत तथा पुनस्थापन इकाई | १२४,८३६ | ० | १२४,८३६ | | | | | १०६,४४७ | ९२ | ८५ | लाभग्राही संख्या १५८६ |
| (ख) | पुनर्निर्माण परियोजना | ६,९५० | १,६७४,५५४ | १,६८१,५०४ | १,०४९,१३८ | ८५७,९९४ | ६६ | ८२ | १,२७८,०९९ | ७८ | ७६ | |
| ३ | स्थानीय शान्ति समिति (P1) | १८३,९६९ | २,००० | १८५,९६९ | ३,६४२ | ३,३६६ | १०० | ९३ | १,२७८,०९९ | १०० | ९९ | |
| ४ | शान्ति कोष सचिवालय (P1) | १,०००,००० | ० | १,०००,००० | | | | | १,२७८,०९९ | | ५८ | [illegible] नेपाल सरकारको रकम |
| ५ | शान्तिको लागि विकास कार्यक्रम (P2) | ० | ५८२,४३९ | ५८२,४३९ | ४२७,८८७ | ४२७,८८७ | १०० | १०० | १,२७८,०९९ | ८१ | ८१ | |
| | कुल जम्मा | १,५२४,२४३ | २,२८८,३२० | ३,८१२,५६३ | १,५७३,७७२ | १,३६७,०४१ | | | १,२७८,०९९ | | | |

नोट: चालु आ.व. २०७३/७४ को विनियोजित बजेटहरुको रा.यो.आ.मा स्वीकृत गराई सम्वन्धित निकायमा अख्तियारी पठाउने कार्य भैरहेको |

प्रस्तुत विवरण मन्त्रालयको वेवसाइट www.peace.gov.np मा पनि हेर्न सकिने छ |

*शान्ति तथा पुनर्निर्माण मन्त्रालय सिंहदरवार काठमाडौं*

*फोन न. ४२११९८९, ४२११०८९* ***Audio Notice No: 1618014211097***

*फ्याक्स ४२११९८६ इमेल* *info@peace.gov.np* *वेवसाइट* *www.peace.gov.np*

अनिसुची १

